# रम्भा गाउँपालिकाको आ.व. ०७६/०७७ को वार्षिक नीती तथा कार्यक्रम

श्रद्धेय प्रमुख अतिथी ज्यू, गाउँपालिकाका उपाध्यक्ष ज्यू, गाउँसभाका सम्पूर्ण पार्षद मित्रहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, कर्मचारी मित्रहरु, पत्रकार मित्रहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु ।

प्रकृति र संस्कृतिले समृद्ध रम्भा गाउँपालिकाको गरिमामय गाउँ सभामा हाम्रो आमन्त्रणलाई स्वीकार गरी पाल्नु भएकोमा हार्दिक स्वागत गर्दै अभिवादन टक्रायाउँछु ।

मुलुकमा संघिय गणतन्त्र स्थापना गरी जनतालाई सार्वभौम अधिकार सम्पन्न बनाउने अभियानमा जीवन आहुती दिने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

नेपालको वर्तमान संविधानले नेपाललाई संघिय, प्रादेशिक र स्थानीय तह गरी तीन तहमा शासनको कल्पना गरे बमोजिम संविधानको धारा १७ मा व्यवथा गरेको स्थानीय कार्यपालिका र भाग १८ मा व्यवस्था गरिए बमोजिम स्थानीय कार्यपालिका र व्यवस्थापिकाको स्थापना भएको छ । वर्तमान संविधानको धारा २२२ बमोजिम गठीत यस गाउँ सभामा अध्यक्षको हैसियतले अनुसूची ८ मा व्यवस्थित स्थानीय तहको अधिकार र अनुसूची ९ मा व्यवस्थित संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीका आधारमा तथा संविधानमा व्यवस्थित मौलिक हकहरुलाई समेत आधार मानी यो नीती तथा कार्यक्रम पेश गरेको छु ।

वर्तमान संविधान बमोजिम गठीत नेपालका स्थानीय तहहरु मध्ये पाल्पा जिल्लाको करिब मध्यभागमा पर्ने यस रम्भा गाउँपालिकाको नामाकरण यसै गाउँपालिकाको वडा नं.५ मा अवस्थित बहु प्रसिद्ध धार्मिक शक्तिपीठ, श्री रम्भा देवीको नामबाट भएको हो । साथै पाल्पा जिल्लाका प्रमुख ४ वटा लेकहरु मध्ये रिमिघा लेक समेत यसै गाउँपालिकामा अवस्थित छ । यस गाउँपालिकाको पूर्वमा रामपुर नगरपालिका र पूर्वखोला गाउँपालिका, पश्चिममा बगनासकाली गाउँपालिका र माथागढी गाउँपालिका, उत्तरमा कालीगण्डकी नदी र दक्षिणमा पूर्वखोला गाउँपालिका पर्दछन ।

## नीती तथा कार्यक्रम :

### १) सडक :

(क) यस रम्भा गाउँपालिकालाई सडक सञ्जालबाट जोड्ने उद्देश्यका साथ पूर्व पश्चिम तथा उत्तर दक्षिण जोड्ने ट्र्याक नखुनेका स्थानहरुमा ट्र्याक खोल्ने र खुलेका मोटर बाटोहरुलाई स्तरोन्नती तथा ग्राभेल गर्दै हरेक वडा लाई सडकको सहज पहुचमा पुर्‍याउन उच्च प्राथमिकता दिईने छ । साथै यस आ.व. मा कालो पत्रे गर्ने कार्य सुरु गरिने छ ।

(ख) यातायातलाई बाह्रै महिना सुचारु गर्नका लागि सडक मर्मत संभार कोषलाई निरन्तरता दिई उक्त कोषमा प्रत्येक सडक आयोजनामा विनियोजित रकमको ५ प्रतिशत रकम जम्मा गर्ने नीती लिईनेछ ।

(ग) सवै वडा कार्यालय सम्म सहज रुपमा आवज जावत गर्न सक्ने सडकको व्यवस्थान गरिने छ ।

## २) खानेपानी :

(क) स्वच्छ पिउने पानीको सहज उपलब्धताको लागि एक घर एक धाराको अवधारणा अनुसार लिफ्ट खानेपानी र ग्राभिटी खानेपानीका आयोजनाहरु सञ्चालन गरी अगाडी बढाईने छ र यस आ.व.मा अधुरा अवस्थामा रहेका आयोजनाहरुलाई सम्पन्न गरिने छ यसबाट करिव १२०० धारा जडान हुने छन र केही नयाँ आयोजनहरु सुरुवाट गरिने छ ।

## ३) शिक्षा :

क) प्राविधिक शिक्षा आजको आवश्यकता भन्ने मुल नारालाई आत्मसात गरी एक गाउँ एक प्राविधिक शिक्षालयको अवधारणालाई सकार बनाउन यस आ.व.बाट कृषि तथा ईन्जिनियरिङ्ग प्राविधिक शिक्षालयको स्थापना तथा सञ्चालन गर्ने कार्यक्रम अगाडी बढाईने छ ।

ख) विद्यालयहरुमा इन्टरनेट जडान गरी सुचना प्रविधी मैत्री विद्यालय बनाउने कार्यमा जोड् दिईने छ । सामुदायिक विद्यालयहरुमा कम्प्युटर शिक्षा सहितको अंग्रेजी माध्यमको शिक्षालाई उच्च प्राथमिता दिईने छ ।

ग) कुनै २ वटा विद्यालयलाई नमुना विद्यालयको रुपमा अगाडी बढाई उक्त विद्यालयबाट सिकाइको क्रियाकलाप सञ्चालन गर्न र अन्य विद्यालयलाई पनि त्यस्तै बनाउने कार्यक्रम अगाडी बढाईने छ । विद्यालयहरुको भौतिकपूर्वाधार निर्माण तथा मर्मत, विद्यार्थीको लागि छात्रवृत्ति तथा पुरस्कार, शिक्षक कर्मचारीहरुका लागि सम्मान तथा पुरस्कार, शिक्षक तालिम, अभिभावक शिक्षा, शैक्षिक सामाग्री वितरण गर्ने कार्यक्रमहरुलाई विषेश जोड् दिईने छ ।

घ) सामुदायिक विद्यालयहरुको गुणस्तर वृद्धि गर्न प्र.अ.तथा शिक्षकहरुलाई समयानुकुल क्षमता अभिवृद्धिको कार्यक्रम ल्याईने छ । विद्यार्थीहरुको सिर्जनात्मक प्रतिभा तथा शारीरिक विकासका लागि अतिरिक्त कृयाकलाप तथा खेलकुदका कार्यक्रमहरु अगाडी बढाईने छ ।

ङ) शैक्षिक अनुगमन तथा मूल्याङ्कनलाई कक्षाकोठा सम्म पुऱ्याउने चुस्त र प्रभावकारी बनाईने छ । साथै मोडेल कक्षा सञ्चालन गरिने छ ।

च) सामुदायिक विद्यालयहरुमा विद्यार्थीलाई टिकाई राख्न र गुणस्तर ल्याउनका लागि दिवाखाजा कार्यक्रम गरिने छ ।

छ) लोपोन्मुख, विपन्न तथा दलित विद्यार्थीहरुलाई विद्यालयमा ल्याई निरन्तरताका लागि विशेष खालका कार्यक्रमहरु ल्याईने छ । यस आ.व. देखि आधुनिक गुरुकुल शिक्षाको स्थापना तथा सञ्चालनमा जोड् दिइने छ ।

ज) बाल विकास केन्द्र स्थापना सञ्चालन तथा व्यवस्थापन जस्ता कार्यमा जोड् दिईने छ साथै बाल विकास सहयोगीहरुको क्षमता विकासका कार्यक्रम ल्याईने छ। विद्यार्थीहरुमा दुघर्टना विमाको कार्यक्रम ल्याइने छ । विद्यालयहरुमा विद्युतीय हाजिरी तथा सी.सी.क्यामेराको जडान कार्यलाई अगाडी बढाईने छ। रम्भा गाउँपालिकाको शैक्षिक योजना तयार गरी कार्यक्रमहरु अगाडी बढाइने छ।

## ४) स्वास्थ्य :

क) Birthing Center, प्रयोगशाला एवं ईन्टरनेट सञ्चालन भएका स्वास्थ्य संस्थाहरुमा ती सेवाहरु निरन्तरता दिनुका साथै प्रयोगशाला सञ्चालन गर्न बांकी रहेको हुमिन स्वास्थ्य चौकीमा यस आ.व.मा सञ्चालन गरी सवै स्वास्थ्य संस्थाबाट उक्त सेवा तथा सुरक्षित गर्भपतन Birthing सेवा निरन्तर रुपमा सञ्चालन गरिने छ ।

ख) आवश्यक औषधीको प्रवन्ध मिलाईने छ ।

ग) पोषण सम्बन्धि सचेतनामुलक कार्यक्रम सञ्चालन गरि पोषणयुक्त गाउँपालिका घोषणा गर्ने कार्यक्रम अगाडी बढाईने छ ।

घ) घरमा नै बच्चा जन्माउने अवस्थालाई शुन्यतामा झार्दै स्वास्थ्य संस्थामा सुत्केरी गराउने कार्यलाई प्रोत्सहाहित गर्ने कार्यलाई निरन्तरता दिई स्वास्थ्य संस्थामा नै बच्चा जन्माई ३५ दिन भित्र जन्म दर्ता गर्ने बच्चा तथा आमालाई पोषणयुक्त खानाका लागि रु.१५००/ दिइने व्यवस्थालाई निरन्तरता दिईने छ। उक्त कार्यबाट शुन्य होम डेलिभरी भएको गाउँपालिका घोषणा गर्न योगदान पुग्ने छ ।

ङ) घरमा नै बच्चा जन्माउने अवस्थालाई शुन्यतामा झार्दै स्वास्थ्य संस्थामा सुत्केरी गराउने कार्यलाई प्रोत्सहाहित गर्ने कार्यलाई निरन्तरता दिई स्वास्थ्य संस्थामा नै बच्चा जन्माई ३५ दिन भित्र जन्म दर्ता गर्ने बच्चा तथा आमालाई पोषणयुक्त खानाका लागि रु.१५००/ दिइने व्यवस्थालाई निरन्तरता दिईने छ। उक्त कार्यबाट शुन्य होम डेलिभरी भएको गाउँपालिका घोषणा गर्न योगदान पुग्ने छ ।

च) महिला स्वास्थ्य स्वयं सेविकाहरुमा आफ्नो काम प्रति उत्प्रेरित बनाउनका लागि यातायात खर्चको व्यवस्था गरिने छ ।

छ) महिला स्वास्थ्य स्वयं सेविका महिला सहजकर्ताहरुलाई निशुल्क स्वास्थ्य विमाको व्यवस्था व्यवस्था मिलाइने छ । महिलाहरुको स्वास्थ्य प्रजनन र पुरुष स्वास्थ्य सम्बन्धि विशेषज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालनको व्यवस्था मिलाईने छ ।

ज) जेष्ठ नागरिक अशक्त तथा अपङ्गता व्यक्तिहरुका लागि घरमै चिकित्सक सहितको स्वास्थ्य सेवा दिने कार्यलाई जोड् दिईने छ । स्वास्थ्यको पहुँच जनताको घरमा पुऱ्याउने उद्देश्यका साथ सामुदायिक स्वास्थ्य इकाई स्थापना तथा सञ्चालनको कार्य अगाडी बढाइएको छ ।

झ) विपन्न परिवार स्वास्थ्य विमा जस्ता कार्यक्रम अगाडी बढाईने छ । मुटु मृगौला रोगीहरुका लागि यातायात उपचार खर्चको प्रवन्धलाई निरन्तरता दिईने छ ।

## ५) सिँचाई :

कृषि उत्पादकत्वमा वृद्धि गरी कृषकहरुलाई आत्मनिर्भर बनाउन स्थलगत सिंचाई, लिफ्ट सिंचाई, थोपा सिंचाई तथा भूमीगत सिंचाई आयोजनाहरुलाई विशेष प्राथमिकता दिइनेछ । हुँगी फाँट, फुरुङ्दी, अँगाहाखोला, निकीचौर सोह्रविसे फाँट, माणी फाँट जस्ता फाँटहरुको पूराना कुलाहरुलाई विस्तार मर्मत संभार जस्ता कार्य अगाडी ल्याईने छ । साना सिंचाई कार्यक्रमलाई विशेष जोड् दिईने छ ।

## ६) कृषि :

कृषिमा आधुनिकीकरण गरी कृषि पेशालाई व्यवसायिक बनाउन विशेष योजना ल्याईने छ ।

क) कृषि व्यवसायिहरुलाई प्रोत्साहन तथा पुरस्कृत गर्ने कार्यलाई अगाडी बढाईने छ ।

ख) आधुनिक कृषि औजार विवरण हाते ट्क्टर र थ्रेसर वितरण,प्लाष्टिक पोखरी निर्मामाण, टनेल निर्माण, उन्नत वीउविजन वितरणको व्यवस्था मिलाईने छ । साथै उन्नत वीउ उत्पादनलाई जोड दिइनुका साथै कुरीलो खेतीमा समेत जोड दिईने छ ।

ग) रम्भा गाउँपालिकालाई आलुमा आत्मनिर्भर बनाउने कार्यक्रम अनुसार आलुको वीउ वितरण जस्ता कार्यक्रम ल्याइने छ । कृषि संकलन केन्द्र निर्माण तथा हाट बजारको व्यवस्थापन गर्ने कार्य अगाडी बढाईने छ ।

घ) आँप, लिची, सुन्तला, जुनार, कागती, जस्ता फलफुलको विरुवा वितरणको व्यवस्था मिलाई एक घर एक फलफूलको अवधारणा अगाडी ल्याईने छ । साथै माटो परिक्षण गरी माटो सुहाउदो खेती गर्ने कार्यलाई जोड् दिईने छ । शित भण्डारण निर्माण कार्य अगाडी बढाइने छ ।

## ७) पशु व्यवासाय :

क) दुध तथा मासुमा रम्भा गाउँपालिकालाई आत्मनिर्भर बनाउन गाईभैंसी, बाखा, कुखुरा, बंगुर पालन अनुदान/डेरी स्थापना तथा सञ्चालन जस्ता कार्यक्रम, उन्नत घाँसको बीउ वितरण, पशु वीमा एवं आवश्यक प्राविधिक सहयोग तथा कृषकहरुलाई पुरस्कार, प्रशंसा जस्ता कार्यक्रमलाई

अगाडी बढाईने छ । महुरी पालन तथा मत्स्य पालन व्यवसायलाई अगाडी बढाउने कार्यक्रम ल्याईने छ । उत्पादनमा आधारित अनुदानको व्यवस्था मिलाइने छ । पशु आहार एवं जैविक मल उत्पादन गर्ने कार्य अगाडी बढाइने छ ।

## ८) विद्युत :

क) यसै आ.व. देखि कच्ची पोलहरुलाई विस्थापित गरी स्टिल पोलहरुको व्यवस्थापन तथा तारहरुको थप व्यवस्थापनमा जोड् दिइने छ ।

ख) रम्भा गाउँपालिकालाई टुकी रहित उज्यालो गाउँपालिका बनाउने कार्यक्रम ल्याइने छ ।

## ९. पर्यटन :

क) आम्दानीको मूख्य स्रोत पर्यटन व्यवसाय भएको हुँदा यस क्षेत्रका विविध पर्यटकीय गन्तव्य स्थलहरुको पहिचान, विकास र विस्तारमा जोड् दिइने छ ।

ख) रम्भा देवी रिमिघा पर्यटन महोत्सव २०७७ को कार्यक्रमलाई निरन्तरता दिदै कालीगण्डकी महोत्सवको शरुवात गरिने छ ।

ग) कालीगण्डकी ज्ञान विज्ञान प्रतिष्ठान तथा यस क्षेत्रमा रहेका ऐतिहासिक पुरातात्विक महत्वका विषयहरुलाई संरक्षण एवं विकासका लागि कार्यक्रम अगाडी बढाइने छ ।

घ) यसै आ.व. मा गाउँपालिका भित्र होम स्टे सञ्चालनको सम्भावना रहेका स्थानहरुको अध्ययन गरि कार्यक्रम सञ्चालन गरिने छ । कालीगण्डकीउपत्यकाको एकिकृत विकास योजना तयार पार्ने कार्य साझेदारी रुपमा अगाडी बढाईने छ ।

## १०. लक्षित वर्ग :

क) मागका आधारमा महिला तथा युवा स्वरोजगार मुलक तालिम सञ्चालन गरी स्वावलम्वी आत्मनिर्भर गराउने कार्य अगाडी बढाइने छ ।

ख) युवा तथा महिलाहरुको क्षमता अभिवृद्धिका लागि शशक्तिकरण सम्बन्धि कार्यक्रममा जोड् दिईने छ । तालिम प्राप्त गरेका व्यक्तिहरुलाई व्यवस्थापन गर्ने कार्यक्रम ल्याईने छ ।

ग) युवाहरुको सर्वाङ्गिण विकासका लागि खेल मैदान निर्माण तथा खेलकुदमा जोड् दिईने छ । अन्तराष्ट्रिय नारी दिवस, तीज गित प्रतियोतिा जस्ता कार्यक्रमलाई निरन्तरता दिईने छ ।

घ) जेष्ठ नागरिकहरुलाई सम्मान गर्ने नीति अवलम्वन गरिने छ । घर दैलोबाट परिचय पत्र प्रदान गर्ने व्यवस्था मिलाईने छ ।

ङ) बालविवाह मुक्त गाउँपालिका बनाउन सचेतनामुलक कार्यक्रम ल्याइने छ ।

च) जनजातीहरुहरुमा सचेतनाका साथै संस्कृति संरक्षणका लागि कार्यक्रम ल्याईने छ । साथै वडास्तरमा मगर दिवस मनाउने जस्ता कार्यक्रम ल्याईने छ ।

छ) दलित अन्तर्गत सचेतना तथा शशक्तिकरण कार्यक्रम सञ्चालन गरिने छ । साथै छुवाछुत मुक्त गाउँपालिका बनाउन सचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ । साथै संस्कृति संरक्षण, गर्दै आएको पेशा प्रति आकर्षित बनाउनुका साथै सुदृढिकरण गर्ने कार्यक्रम ल्याईने छ । छुवाछुत मुक्त दिवस वडास्तरमा मनाईने व्यवस्था मिलाइने छ ।

ज) लोक सेवा तथा शिक्षक सेवा आयोगका तयारी कक्षा सञ्चालन गर्ने कार्यक्रम अगाडी बढाइने छ ।

झ) अपाङ्ग मैत्री कार्यक्रम तथा अपाङ्ग शसक्तिकरण कार्यक्रम ल्याइने छ र सुचिकृत अपाङ्गहरुको लागि निशुल्क स्वास्थ्य विमा कार्यक्रम ल्याइने छ ।

## ११. विविध :

क) योजना उपभोक्ता समितीका पदाधिकारीहरुको क्षमता विकासका लागि तालिम दिइने छ । योजना कार्यान्वयनको चरणमा अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी बनाउन जोड् दिइने छ योजनामा गुणस्तरीताका साथ छिटो छरितो सम्पन्न गर्ने उपभोक्ता समितीलाई समान तथा थप रकमको व्यवस्था मिलाइने छ ।

ख) प्रशासनिक सेवा सुविधालाई छिटो छरितो  सरल र सुलभ बनाउने कार्यलाई विशेष जोड दिईनेछ ।

ग) बाल मैत्री गाउँपालिका घोषणा गर्ने कार्यलाई योजना वद्ध रुपमा अगाडी बढाउदै २०७७ असाढ मसान्त सम्म घोषणा गरिने छ ।

घ) सुकुमवासी तथा अव्यवस्थित बसोवासीहरुको लगत तयार पारी उचित व्यवस्थापनका लागि सम्बन्धित निकायमा पहल गरिने छ । सार्वजनिक जग्गाको संरक्षण तथा संवर्द्धन गर्ने कार्य अगाडी बढाईने छ ।

ङ) सहकारी संस्थाहरुलाई व्यवस्थित एवं सक्रिय बनाउने खालका कार्यक्रम ल्याइने छ । कृषि सहकारी तथा बहुद्देश्य सहकारी संस्थाहरुसँग साझेदारीमा विभिन्न आय आर्जन मुलक काम अगाडी बढाइने छ ।

च) सुचना तथा संचार प्रविधिको क्षमता वृद्धि गराउन सम्बन्धित निकायलाई ध्यानाकर्षण गराइने छ ।

छ) स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई काममा उत्प्रेरित एवं कर्तव्यनिष्ठा बनाउन सम्मान तथा परस्कारको व्यवस्था, अतिरिक्त समयमा काम लगाउदा खाजाको व्यवस्था गरिने छ । साथै क्षमता अभिवृद्धि सम्बन्धि तालिमको कार्यक्रम ल्याइने छ ।

ज) हरियो वन नेपालको धन भन्ने उक्तिलाई साकार बनाउन सामुदायिक वनहरुमा योजनाबद्ध रुपमा बृक्षारोपण गर्ने तथा वन्यजन्तु संरक्षण तथा नियन्तणको नीति अगाडी बढाइने छ । साथै हरियाली गाउँपालिका बनाउने कार्य अगाडी बढाईने छ । वातावरण जडीवुटी संरक्षण कार्यलाई जोड् दिईने छ । साझेदारी रुपमा जनता आवास कार्यक्रम ल्याइने छ ।

झ) पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणाका लागि कार्यक्रम ल्याइने छ । खरको छाना मुक्त गाउँपालिका बनाउने कार्यक्रमलाई अगाडी बढाइने छ ।

सम्पूर्ण पार्षद मित्रहरु,

अन्त्यमा माथि उल्लेखित नीति तथा कार्यक्रमहरु सर्वसम्मत तरिकाले पारित गरी कार्यान्वयन चरणमा लगि दिनु हुन हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।

मिति : २०७६ असार १० गते ।